# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०८।१९ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये घुस/रिसवत सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०७९।०८।८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ ।

सहायक प्रवक्ता

देवी प्रसाद थपलिया

देहायः

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादी खेमराज चौधरी (वि.अ. को मु.नं. ०७६-CR-०४४२, वि.अ. को फैसला मिति २०७९।०३।०९) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | प्रतिवादी खेमराज चौधरीलाई बिगो रु.१०,०००।- (अक्षरुपी रु. दश हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय हुन मागदावी लिइएको । | **फैसलाः** प्रतिवादीलाई सफाई हुने गरी फैसला भएको।<br><br>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**<br><br>१.प्रतिवादीले अनुसन्धानमा र अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कारी रही बयान गरेको।<br>२.प्रतिवादीले घुस रकम मागेको वा लिने मनसाय नदेखिई निवेदकले नै प्रतिवादीलाई घुस रकम लिन दुरुत्साहन गरेको देखिएको।<br>३.आयोगबाट उपलब्ध गराएको रकम र सो सँग सम्बन्धित अन्य प्रमाणलाई प्रमाणको रुपमा ग्रहण गर्न नमिल्ने। | • निवेदक आफ्नो कामको लागि प्रतिवादी कार्यरत कार्यालयमा गएको र निवेदकको काम गर्नको लागि प्रतिवादीलाई घुस रकम दिन बाध्य भएको भनी उजुरी निवेदन परेको।<br>• प्रतिवादीले घुस रकम माग गरेको तथ्य निवेदक र प्रतिवादीबीच भएको अडियो कुराकानीको स्कृप्टबाट समेत पुष्टी भएको।<br>• उजुरीकर्ताले अदालतमा बकपत्र गर्दा प्रतिवादीले घुस रकम माग गरेको थियो भनेर किटानीसाथ बकपत्र गरेको।<br>• घुस रकम लिएको तथ्यलाई प्रतिवादी स्वयमले पनि स्वीकार गरेको। |